# आठविसकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### आठविसकोट, रूकुम (पश्चिम)
### कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


पत्र संख्याः २०७६/०७७
चलानी नम्बर ६६८

मितिः २०७६/०८/०१

**विषय :- आवश्यक सहयोग र समन्वय गर्ने तथा गराउने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु (सबै), आठविसकोट नगरपालिका, रुकुम (पश्चिम) ।
श्री ईलाका प्रहरी कार्यालय, आठविसकोट नगरपालिका, रुकुम (पश्चिम) ।
श्री नगर प्रहरी व्यवस्थापन उपशाखा, आठविसकोट नगरपालिका, रुकुम (पश्चिम) ।

प्रस्तुत विषयमा व्यवसाय कर र वहाल कर दाखिला सम्बन्धमा नगरपालिकाबाट प्रकाशित सूचना यसैसाथ संलग्न छन् । संलग्न सूचना अनुसार व्यवसाय कर र वहाल कर असूलीमा आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिदिनु हुन अनुरोध छ ।

रामबहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) ।
श्री जिल्ला प्रहरी कार्यालय, रुकुम (प्रश्चिम) ।

# आठविसकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


पत्र संख्या: २०७६/०७७
चलानी नम्बर ६

मिति: २०७६/०८/०१

## वहाल कर दाखिला सम्बन्धी सूचना

(प्रकाशित मिति : २०७६।०८।०१ गते)

आठविसकोट नगरपालिका आर्थिक ऐन, २०७६ एवम् बहाल कर सम्बन्धी कार्यविधि, २०७५ बमोजिम आफ्नो स्वामित्वमा रहेको नगरपालिका क्षेत्रभित्रको भौतिक सम्पति (घर, पसल, ग्यारेज, गोदाम, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी) पुरै वा आंशिक तबरले अरुलाई भोगचलन गर्न दिए वापत सम्बन्धित धनीले प्राप्त गर्ने भाडा रकमबाट वहाल रकमको १० प्रतिशत वहाल कर तिर्नुपर्ने व्यवस्था अनुसार उक्त कर संकलनको लागि नगरपालिकाबाट टोलि खटाईएकोले उक्त टोलीलाई देहायका कागजता उपलब्ध गराई वहाल कर तिरी कर असूलीमा आवश्यक सहयोग र समन्वय गरिदिनु हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

### टोली समक्ष पेश गर्नुपर्ने कागजातहरु र गर्नुपर्ने सहयोग

१. वहाल लिने र दिनेबिचमा भएको सम्झौताको प्रतिलिपि, टोलीले मागेको अन्य विवरण उपलब्ध गराई फारम भर्ना सहयोग गर्ने ।
२. टोलिले उपलब्ध गराईएको विवरणको आधारमा निर्धारित कर रकम तोकिएको समयसीमा भित्र दाखिला गर्ने ।
३. तोकिएको समयसिमा भित्र निर्धारित कर नतिरेमा वा झुट्टा विवरण पेश गरेमा थप जरिवाना हुने भएकोले तोकिएको समयसिमाभित्र नै कर तिर्न तथा झुट्टा विवरण पेश नगर्न सचेत गराईन्छ ।

रामबहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

राम बहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


पत्र संख्याः २०७६/०७७

मितिः २०७६/०८/०१

चलानी नम्बर ...............

**व्यवसाय कर दाखिला सम्बन्धी सूचना**

**(प्रकाशित मिति : २०७६।०८।०१ गते)**

आठविसकोट नगरपालिका आर्थिक ऐन, २०७६ र व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७५ बमोजिम व्यवसाय कर संकलनको लागि नगरपालिकाबाट टोली खटाईएकोले उक्त टोलीलाई निर्धारित कर तिरी आवश्यक सहयोग गरिदिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै तोकिएको अवधिभित्र कर नतिर्ने व्यवसायीलाई थप १० प्रतिशत जरिवाना समेत हुने भएकोले एवम् नगरपालिका क्षेत्रभित्र व्यवसाय दर्ता नगरी व्यवसाय गरेको खण्डमा समेत रु. ५०० देखि १००० सम्म जरिवाना हुने कानुनी व्यवस्था रहेकोले यथाशीघ्र सम्बन्धित वडा कार्यालय वा नगरपालिका कार्यालयमा वा फिल्डमा खटिई आएको टोलि मार्फत व्यवसाय दर्ता गरी जरिवानाबाट बच्नु हुन समेत सचेत गराईन्छ ।

**रामबहादुर के.सी.**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

राम बहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत